नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास शाखा

फोन नं.
४२११९४०
फ्याक्स
४२११८३९
सिंहदरबार
काठमाण्डौ, नेपाल


प.सं. ०७५।७६
च.नं. १८

मितिः २०७५।०४।३१

भूमि व्यवस्था कृषि तथा स. मन्त्रालय
दर्ता नं. ६८५
मिति २०७५।०५।१६

श्री प्रदेश नं.५ का सबै स्थानीय तहहरु ।

विषयः रासायनिक मलको आपुर्ति वितरणको लागि विक्रेताको प्रमाणपत्र दर्ता तथा नविकरण सम्वन्धमा।

प्रस्तुत बिषयमा रासायनिक मलको आपुर्ति वितरणको लागि रासायनिक मल निर्देशिका २०५७ र मलखाद आपूर्ति तथा वितरण व्यवस्थापन जिल्लास्तर कार्यविधि २०६९ अनुसार रासायनिक मलको आपूर्ति तथा वितरणको लागि विक्रेताको प्रमाणपत्र दर्ता तथा नविकरण जिम्मा जिल्ला कृषि विकास कार्यालयले गर्ने व्यवस्था भएकोमा हाल परिवर्तित सन्दर्भमा जिल्ला कृषि विकास कार्यालयहरु नरहेको हुँदा अर्को व्यवस्था नभएसम्म विक्रेताको प्रमाणपत्र नविकरण र दर्ता गर्ने कामको जिम्मेवारी स्थानीय तहको कृषि शाखालाई दिने भन्ने मिति २०७५।०४।२९ को माननीय विभागीय मन्त्री स्तरको निर्णय भएको हुँदा सम्वन्धित स्थानीय तहको रासायनिक मलको विक्रेताको प्रमाणपत्र नविकरण तथा विक्रेता दर्ता नभएको स्थानमा नयाँ दर्ता गर्ने काम तहाँबाट गरी सोको जानकारी सम्बन्धित प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कृषि तथा पशुपन्क्षी बिकास मन्त्रालय सिंहदरवार र कृषि सामाग्री कम्पनी लिमिटेड, काठमाण्डौलाई समेत जानकारी गराउनुहुन अनुरोध छ । साथै रासायनिक मलको शुलभ आपूर्ति तथा ब्यवस्थापनको लागि आ-आफ्नो स्थानीय तहको रासायनिक मलको आवस्यकता, आपूर्ति तथा वितरणको बिवरण राख्ने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध छ ।

नेत्र बहादुर भण्डारी
वरिष्ठ कृषि प्रसार अधिकृत

बोधार्थ :
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौ ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ बुटवल ।
श्री कृषि विभाग, हरिहरभवन, ललितपुर ।
श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, बसुन्धरा, काठमाण्डौ ।
श्री कृषि सामग्री कंपनी लिमिटेड - केन्द्रिय कार्यालय, कुलेश्वर, काठमाण्डौं ।
श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड - केन्द्रिय कार्यालय, कुलेश्वर, काठमाण्डौं ।

श्री कृषि
आवश्यक कार्यार्थ।
५।१८